# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

मुख्य कार्यालय, काठमाडौं

# बाह्रौं तथा तेह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

## १. पृष्ठभूमिः

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०७८/०५/१७ मा बसेको २३८औं बैठकको निर्णय अनुसार कम्पनीको बाह्रौं र तेह्रौं वार्षिक साधारण सभा मिति २०७८/०६/१९ गते मंगलवारका दिन सम्पन्न भएको थियो। हालको कोभिड-१९ को सङ्क्रमण रहेको अवस्थाले सृजित विशेष परिस्थिति तथा नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्ड पालना गर्नु पर्ने परिस्थिति भएकोले उक्त साधारण सभामा भर्चुअल माध्यमबाट समेत भाग लिन सकिने ब्यवस्था गरिएको थियो। मिति २०७८/०६/१९ गते मंगलवारका दिन सम्पन्न उक्त साधारणा सभा नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौंमा विहान ११:३० बजे बस्ने गरी मिति २०७८/०५/२८ को गोरखापत्रमा सूचना प्रकाशित गरी बोलाइएको थियो।

उक्त सूचना बमोजिम बोलाइएको कम्पनीको बाह्रौं तथा तेह्रौं वार्षिक साधारण सभा मिति २०७८/०६/१९ गते मंगलवार विहान ११:३० बजे नेपाल विद्युत प्राधिकरणको सभाहलबाट सञ्चालन गरिएको थियो। सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङज्यूको अध्यक्षतामा सभा सञ्चालन भएको थियो। सञ्चालक सदस्यहरू, शेयरधनीहरू, आमन्त्रित महानुभावहरू तथा कम्पनीका पदाधिकारीहरूले आसन ग्रहण गर्नु भए पछि अध्यक्षको अनुमति लिई बाह्रौं र तेह्रौं वार्षिक साधारण सभाको कार्यक्रम एकै साथ प्रारम्भ गरिएको थियो। वार्षिक साधारण सभा उक्त दिन विहान ११:३० बजे शुरु भई दिनको २:०० बजे समापन भएको थियो।

### (क) साधारण सभासम्बन्धी सूचनाः

कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम साधारण सभाको सूचना र सभामा छलफल हुने प्रस्तावहरूको सूची सहित शेयरधनीहरूको जानकारीको लागि मिति २०७८/०५/२८ को गोरखापत्रमा सूचना प्रकाशित गरिएको थियो।

साथै, सो सूचना सहितका अन्य जानकारीहरू तथा अन्य विवरणहरू कम्पनीको कार्यालय, ज्ञानेश्वर तथा शेयर रजिष्ट्रारको कार्यालय सनराइज क्यापिटल लिमिटेड, कमलपोखरीमा सम्पर्क राखी प्राप्त गर्न सकिने जानकारी गराउनुको साथै सो सूचनाहरू उक्त दुवैस्थानको सूचनापाटीमा पनि टाँस गरी कम्पनी र शेयर रजिष्ट्रारको **Website** मा पनि राखिएको थियो। साधारण सभाको सम्बन्धमा यथासमयमै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. र सि.डि.एस.एण्ड क्लियरिंग लि. मा पनि मिति २०७८/०५/२७ को पत्र मार्फत जानकारी गराइ साधारण सभामा आमन्त्रण गरिएको थियो।

**(ख) उपस्थितिः**

मिति २०७८/०६/१९ मा सम्पन्न कम्पनीको बाह्रौं र तेह्रौं वार्षिक साधारण सभामा निम्न बमोजिम उपस्थिति रहेको थियो।

(अ) सञ्चालक समितिः

| | |
|---|---|
| श्री कुलमान घिसिङ | -अध्यक्ष |
| श्री डिल्लीराम अधिकारी | -सञ्चालक |
| श्री दामोदर प्रसाद सुवेदी | -बै.सञ्चालक |
| श्री हरराज न्यौपाने | -सञ्चालक |
| श्री रामजी भण्डारी | -सञ्चालक |
| श्री डिल्ली रमण दाहाल | -सञ्चालक |
| श्री कृष्ण कुमार श्रेष्ठ | -स्थायी आमन्त्रित |
| श्री गोपाल घिमिरे | -स्थायी आमन्त्रित |
| श्री राम सुन्दर श्रेष्ठ | -कम्पनी सचिव |

(आ) आमन्त्रितः

श्री मदन तिम्सिना, प्रमुख, सहायक कम्पनी अनुगमन निर्देशनालय, नेपाल विद्युत प्राधिकरण

श्री मुरली प्रसाद शर्मा (अधिवक्ता), कानूनी सल्लाहकार

श्री विजय लाल श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, सनराइज क्यापिटल लि.(शेयर रजिष्ट्रर)

(इ) व्यवस्थापनः

श्री विज्ञान प्रसाद श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, अपर तामाकोशी हाइड्रोपावर लि.

(ई) शेयरधनीहरूः

साधारण सभा गर्ने प्रयोजनको लागि मिति २०७८/०६/०४ गते १ दिन शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य बन्द गरिएकोले मिति २०७८/०६/०३ गते सम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम रहेका ६,६६,८४५ जना शेयरधनीहरू मध्ये संस्थापक शेयरधनी (समूह-'क') अन्तर्गतका ४ वटा संस्था शेयरधनी रहेकामा उक्त चारवटै संस्थाहरूका प्रतिनिधिहरू (कूल शेयरको ५१%) प्रत्यक्ष उपस्थित भई ५,४०,०९,००० कित्ता शेयरको प्रतिनिधित्व गर्नु भएको र सर्वसाधारण समुहका शेयरधनीहरू (समूह-'ख') मध्ये ११ जना शेयरधनीहरू स्वयं प्रत्यक्षरुपमा उपस्थित हुनु भएको र ४२ जना शेयरधनीहरूले बिद्युतीय माध्यम (भर्चुअल **Zoom Application** ) मार्फत उपस्थित हुनु भइ ६०,८१३ कित्ता शेयरको प्रतिनिधित्व गर्नु भएको थियो। यसरी कूल शेयरधनीहरु मध्ये ५,४०,६९,८१३ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ५७ जना शेयरधनीहरूको उपस्थिति एवं सहभागिता रहेको थियो।

**(ग) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः**

| विवरण | |
|---|---|
| कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्या | १०,५९,००,००० कित्ता |
| स्वयम उपस्थित भइ प्रतिनिधित्व गरेको शेयर संख्या | ५,४०,१०,८४४ कित्ता |
| बिद्युतीय माध्यम ( भर्चुअल **Zoom Application** मार्फत उपस्थित भइ प्रतिनिधित्व गरेको शेयर संख्या | ५८,९६९ कित्ता |

| | |
|---|---|
| जम्मा उपस्थिती शेयर संख्या | ५,४०,६९,८१३ कित्ता |
| बाँडफाँड भएको शेयरको तुलनामा जम्मा उपस्थितीको प्रतिशत | ५१.०५७% |
| कूल शेयरधनी संख्या | ६,६६,८४५ |
| स्वयम उपस्थित शेयरधनीको संख्या | १५ |
| बिद्युतीय माध्यम ( भर्चुअल **Zoom Application** मार्फत उपस्थित शेयरधनीको संख्या | ४२ |
| जम्मा उपस्थित शेयरधनी संख्या | ५७ |

२. **सभाको बैधानिकता:**

कम्पनीको बाह्रौं र तेह्रौं वार्षिक साधारण सभा मिति २०७८/०६/१९ का दिन बस्ने गरी मिति २०७८/०५/२८ को गोरखापत्रमा सूचना प्रकाशित गरी बोलाईएकोमा उक्त दिन बोलाइएको सो सभामा कम्पनीको नियमावलीको नियम ५ को उपनियम (२) मा व्यवस्था भए अनुरुप साधारण सभा गर्न आवश्यक गणपुरक संख्या भन्दा बढी शेयरधनीहरूको उपस्थिति रहेकोले उक्त साधारण सभाहरु संचालन गर्नको लागि निर्दिष्ट गणपुरक संख्या पुगेको जानकारी गराउँदै कम्पनी सचिवले सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । यसरी बोलाइएको साधारण सभामा कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीको नियम ५ को उपनियम (२) ले निर्दिष्ट गरे बमोजिम शेयरधनीहरूको उपस्थिति रहेकोले सभा गर्न आवश्यक गणपुरक संख्या पुगेको र सभा रित पूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा साधारण सभाको कार्वाही अगाडी बढाउने निर्णय भयो।

३. **साधारणसभामा पेश भएका प्रस्तावहरू:**

बाह्रौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०७५/७६) मा छलफल तथा निर्णयका लागि निम्नानुसारका दुइ वटा सामान्य प्रस्तावहरू तथा एक विशेष प्रस्ताव प्रेषित गर्ने गरी सूचना प्रकाशित भएको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो।

**सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदनको प्रस्तुती र सो प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको आर्थिक बिवरण माथि छलफल गरी पारित गर्ने।

**विशेष प्रस्ताव:**

१. आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णयानुसार आ.व.२०७५/७६ मा आर्थिक सहयोग उपलब्ध गराइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

त्यसै गरी तेह्रौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०७६/७७) मा छलफल तथा निर्णयका लागि निम्नानुसारका चार वटा सामान्य प्रस्तावहरू तथा दुइ वटा विशेष प्रस्ताव प्रेषित गर्ने गरी सूचना प्रकाशित भएको व्यहोरा पनि कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो।

**सामान्य प्रस्तावः**

१. सञ्चालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदनको प्रस्तुती र सो प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितका आर्थिक बिवरण माथि छलफल गरी पारित गर्ने।

३. आ.व.२०७६/७७ को लागि श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार लेखापरीक्षक नियुक्त गर्न साधारण सभा बस्न नसकेकोले कम्पनीको सञ्चालक समितिको मिति २०७७/०४/१६ मा बसेको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०७७/०५/३१ को स्विकृति अनुसार चार्टर्ड एकाउन्टेन्टस् द्वय श्री सतिस सुवेदी र श्री नरेश ढुंगानालाई संयुक्त रुपमा आ.व.२०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण समितिको निर्णय अनुसार मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ठ रु.५,००,०००/- लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको अनुमोदन गर्ने।

४. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरुप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**विशेष प्रस्तावः**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने।

२. आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णयानुसार आ.व.२०७६/७७ मा आर्थिक सहयोग उपलब्ध गराइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

## ४. सभा संचालन तथा अध्यक्षद्वारा वार्षिक प्रतिवेदन प्रस्तुतः

बिधिवत रुपमा साधारण सभाको कार्यक्रम संचालन भएपछि अध्यक्ष श्री कुलमान घिसिङज्यूलाई कम्पनीको बाह्रौ तथा तेह्रौ साधारण सभामा प्रस्तुत हुने आ.व. २०७५/७६ र २०७६/७७ को वार्षिक प्रतिवेदन क्रमस सभासमक्ष प्रस्तुत गर्न अनुरोध गरियो । सञ्चालक समितिका अध्यक्ष एवं साधारण सभाका अध्यक्ष श्री कुलमान घिसिङज्यूले साधारण सभामा उपस्थित/सहभागी सम्पूर्ण शेयरधनीहरूलाई स्वागत गर्दै कम्पनीको आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो। अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरूलाई उपलव्ध गराइएको उक्त वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०७५/७६ र २०७६/७७ को आर्थिक विवरणमा आफ्नो राय, प्रतिकृया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफलको लागि शेयरधनीहरूलाई अनुरोध गरिएको थियो।

## ५. शेयरधनीहरूको मन्तव्य तथा प्रस्ताव उपर छलफल:

यसरी राय प्रतिकृया र सुझावका लागि अनुरोध गरिएपछि बिद्युतीय माध्यमबाट मन्तव्य राख्न छ जना शेयरधनीहरूले आफ्नो नाम लेखाउनु भएकोमा वहाँहरूलाई सभामा आफ्नो धारणा राख्न वारम्वार अनुरोध गरिएतापनि कसैले पनि मन्तव्य राख्नचाहनु भएन र सभामा प्रत्यक्ष उपस्थित हुनु भएका शेयरधनीहरु मध्ये तीन जना शेयरधनीहरूले निम्नानुसार आफ्नो राय सुझाव र प्रतिकृया राख्नु भएको थियोः

### १. श्री दिनेश शिवाकोटी:

सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन यथाशिघ्र गर्न र माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सम्पन्न भइसकेको परिप्रेक्ष्यमा कम्पनीद्वारा अन्य ठूला तथा आकर्षक आयोजनाहरूको पहिचान एवं कार्यान्वयन गरी सस्तो दरमा बिजुली उत्पादन हुने वातावरण निर्माण गर्न सुझाव दिनु भयो।

साथै, आयोजना कार्यान्वयनको लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणलाई शेयरमा परिणत गर्न, सार्वजनिक संस्थाहरूबाट लिइएको ऋणको व्याज महंगो भएकोले ७% मा झार्न, ऋण र स्वपूँजिको अनुपात ७०:३० लाई कायम राख्न र आयोजनाको निर्माणको क्रममा ज्यान गुमाएका र अंगभग भएका श्रमिकहरूका आश्रित परिवारलाई उचित रोजगारको व्यवस्था गर्न पनि आफ्नो मन्तव्यको क्रममा ध्यानाकर्षण गराउनु भयो।

### २. श्री अर्जुन पराजुली

आयोजना निर्माणको लागि वित्तीय व्यवस्थापन गर्दा स्वदेशी पूँजिलाई प्राथमिकता दिनु उपयुक्त भए तापनि ऋणको व्याजदर महंगो भएको र आयोजना निर्माण अवधी समेत लम्बिन गएकोले आयोजनाको लागत बढ्न गएको मन्तव्य राख्दै ठूला जलविद्युत आयोजनाहरू निर्माण गर्दा अन्तर्राष्ट्रिय दातृसंस्थाहरूबाट सस्तो दरमा प्राप्त हुने ऋणलाई पनि सदुपयोग गर्नु पर्ने सुझाव राख्नु भयो।

### ३. श्री होमनाथ निरौला

कम्पनीले राष्ट्रिय गौरबको माथिल्लो तामाकोशी जलविद्युत आयोजना सफलताका साथ सम्पन्न गरेकोमा खुसी व्यक्त गर्दै कम्पनीमा लगानी गर्ने शेयरधनीहरू कहिले देखि लाभान्वित हुने हो भन्ने जिज्ञासा राख्नु भयो।

## ५. अध्यक्ष श्री कुलमान घिसिङबाट शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा दिइएको जवाफ:

कम्पनीको बाह्रौं र तेह्रौं साधारण सभामा बिद्युतिय माध्यमबाट उपस्थित शेयरधनीहरू कसैले पनि आफ्नो मन्तव्य नराख्नु भएको र प्रत्यक्षरुपमा उपस्थित शेयरधनीहरू मध्ये तीन जना शेयरधनीहरूले मात्र आफ्नो मन्तव्य राख्नु भएकोले मन्तब्य राख्ने क्रम समाप्त भएको हुँदा सभाध्यक्षले उपरोक्त तीन जना शेयरधनीहरूले राख्नु भएको मन्तव्यमा प्रस्तुत राय प्रतिकृया र सुझावहरू तथा धारणाहरूको सम्मान गर्दै जवाफ दिने क्रममा जलविद्युत आयोजनाको कार्यान्वयनमा आउने विविध जटिलताका वावजूद २०७२ साल बैशाखको महाभूकम्प, तत्पश्चात लामो अवधीसम्म रहेको मधेश आन्दोलन र विभिन्न प्राविधिक तथा निर्माण व्यवसायीहरूको व्यवस्थापकीय कमजोरीको कारण आयोजनाको निर्माण अवधी बढ्न गएको कुरा शेयरधनीहरुलाइ स्पष्ट पार्नु भयो। यसरी निर्माण अवधी लम्बिन गएकोले

विदेशी मुद्राको सटही दरमा भएको अत्याधिक मूल्य बृद्धि, अन्तर्राष्ट्रिय बजारमा निर्माण सामग्रीमा भएको मूल्य बृद्धि र ऋणको व्याजदर महंगो भएको कारण आयोजनाको लागत पनि बढ्न गएको कुरा प्रष्ट पार्नु भयो।

साथै, कोभिड-१९ को प्रकोपको कारण नेपाल सरकारको निर्णयानुसार सभा सम्मेलन गर्न रोक लगाइएकोले सर्वसाधारण समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन गर्न ढिलाई भएको, हालै नेपाल सरकारबाट प्राप्त ऋणको व्याजदर घटाउने निर्णय भईसकेकोले कम्पनीमा आयोजना निर्माणका लागि ऋण लगानी गर्ने सबै ऋण प्रदायक संस्थाहरूलाई पनि ऋणको व्याजदर घटाई पुनरावलोकन गरी दिन अनुरोध गरिएको कुरा पनि जानकारी गराउनु भयो।

शेयरधनीहरूको जिज्ञासामा जवाफ दिने क्रममा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सफलतापूर्वक निर्माण सम्पन्न भईसकेको सन्दर्भमा दोश्रो चरणमा २०.६ मेगावाट क्षमताको रोल्वालिङ्ग खोला जलविद्युत आयोजना निर्माणको प्रक्रिया प्रारम्भ भईसकेकोले अन्य उपयुक्त ठूला आयोजनाहरूको पनि खोजी भईरहेको कुरा जानकारी गराउँदै भर्खरै कम्पनीले आय आर्जन गर्न शुरु गरेकोले कम्पनीबाट फाइदा लिन केही समय धैर्य लिन पनि शेयरधनी महानुभावलाई आग्रह गर्नु भयो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृतको मन्तव्यः

साधारण सभामा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री विज्ञान प्रसाद श्रेष्ठले कम्पनी अन्तर्गत राष्ट्रिय गौरबको माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको क्रममा आईपरेका विभिन्न प्राकृतिक र जटिल प्राविधिक समस्याहरूको कारण आयोजनाको निर्माण अवधी लम्बिन गएको वारेमा प्रष्ट पार्दै जनताको लगानीमा देशकै सबभन्दा ठूलो जलविद्युत आयोजना निर्माण सम्पन्न भएकोमा सवै शेयरधनी महानुभावहरूलाई धन्यवाद दिनु भयो।

६. **बाह्रौ वार्षिक साधारण सभा (आर्थिक वर्ष २०७५/७६) मा प्रस्तुत प्रस्ताव तथा निर्णयहरूः**

शेयरधनीहरूबाट उठाइएका जिज्ञासाका सम्बन्धमा अध्यक्षज्यूबाट जवाफ दिने काम सकिएपछि कम्पनी सचिबले बिषयसूचि अनुसार प्रस्ताबहरू निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो। बिषयसूचि अनुसार बाह्रौ वार्षिक साधारण सभामा निर्णयार्थ पेश भएका निम्न प्रस्ताबहरूमा उक्त सभाबाट निम्न बमोजिम निर्णय भयो।

साधारण प्रस्तावः

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कुलमान घिसिङज्यूले प्रस्तुत गर्नु भएको आ.ब.२०७५/७६ को वार्षिक प्रतिबेदनमा छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासाको सम्बन्धमा जवाफ दिने काम पनि सकिएकोले सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित होस भनि कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

(२) आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको आर्थिक विवरण साधारण सभाको बिषयसूचि संगै शेयरधनीहरूलाई उपलब्ध गराइएको र उक्त आर्थिक विवरणमाथिको छलफल पनि समाप्त भएकोले उक्त आर्थिक

वर्ष ०७५।०७६ को आर्थिक विवरण पारित गरियोस भनी कम्पनी सचिवले सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

विषेश प्रस्तावः

(१) आर्थिक सहयोग उपलव्ध गराइएको रकम अनुमोदन सम्बन्धमाः

कम्पनी ऐन, २०६३ (संशोधन सहित) को दफा १०५ को उपदफा (१) को खण्ड (ग) मा कम्पनीको कर्मचारी वा आफ्नो व्यवसाय प्रवर्धनको लागि दिएको अनुदान, चन्दा, उपहार आदिमा गरिएको खर्च वाहेक एक आर्थिक वर्षमा रु.१,००,०००/- (एक लाख) वा कम्पनीको विगत तीन आर्थिक वर्षको सरदर खुद मूनाफाको एक प्रतिशतले हुन आउने रकम मध्ये जुन कम हुन्छ सो रकम भन्दा बढी रकम चन्दा, अनुदान वा दान दिन साधारण सभाबाट विशेष प्रस्ताव पारित हुनु पर्ने प्रावधान रहेको छ।

यस सम्बन्धमा कम्पनीको वार्षिक प्रतिवेदन अवधी आर्थिक वर्ष २०७५/७६ मा आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरु लगायत अन्य संस्थाहरुलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णय तथा प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजित अधिकारको सीमा भित्र रहि आर्थिक सहयोग उपलब्ध गराइएको रकम रु.६,९५,२००/- (छ लाख पन्चानव्बे हजार दुई सय) रहेको छ।

यस मध्ये आयोजनाबाट अति प्रभावित परिवार श्री लिला बहादुर बस्नेत (जसको २२ रोपनी खेतियोग्य जग्गा आयोजनाले अधिग्रहण गरेको) लाई सगरमाथा आरोहणको लागि रु.५० हजार, स्व.श्री भीमबहादुर तामाङ स्मृति तथा विकास केन्द्र (जसले माथिल्लो तामाकोशी जलविद्युत आयोजनालाई स्वदेशी लगानीमा नै निर्माण गर्नु पर्छ भन्ने अभियानलाई साकार तुल्याउन अहं भूमिका निर्वाह गर्नु भएको थियो) लाई रु.७५ हजार सञ्चालक समितिको विभिन्न मितिको निर्णयानुसार र विभिन्न सामाजिक संघ संस्था तथा व्यक्तिलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई प्राप्त अख्तियारी तथा स्वीकृत बजेटको परिधि भित्र रहि आर्थिक सहयोग उपलव्ध गराइएको हुँदा यसरी आर्थिक सहायता अन्तर्गत खर्च भएको रु.६,९५,२००/- मात्र अनुमोदन हुँन कम्पनी सचिवले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भयो।

प्रस्तुत विषयमा छलफल हुँदा प्रस्ताव बमोजिम आर्थिक सहयोगमा खर्च भएको रकम रु.६,९५,२००/- अनुमोदन गर्ने सर्वसम्मतीबाट निर्णय भयो।

७. तेह्रौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०७६/७७) मा प्रस्तुत प्रस्ताव तथा निर्णयहरूः

तेह्रौ वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदनमा शेयरधनीहरूबाट उठाइएका जिज्ञासाका सम्बन्धमा पनि अध्यक्षबाट जवाफ दिने काम सकिएकाले कम्पनी सचिबले बिषयसूचि अनुसार प्रस्ताबहरू निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो। बिषयसूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्ताबहरूमा सभाबाट निम्न बमोजिम निर्णय भयो।

साधारण प्रस्तावः

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कुलमान घिसिङज्यूले प्रस्तुत गर्नु भएको आ.ब.२०७६/७७ को वार्षिक प्रतिबेदनमा छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासाको सम्बन्धमा जवाफ दिने काम पनि सकिएकोले सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत

वार्षिक प्रतिवेदन पारित होस भनि कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

(२) आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको आर्थिक विवरण साधारण सभाको बिषयसूचि संगै शेयरधनीहरूलाई उपलब्ध गराइएको र उक्त आर्थिक विवरणमाथिको छलफल पनि समाप्त भएकोले उक्त आर्थिक वर्षको आर्थिक विवरण पारित गरियोस भनी कम्पनी सचिवले सभामा प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

(३) आ.व.२०७६/७७ को लागि श्री महालेखा परीक्षकको कार्यालयबाट मिति २०७७/०४/०६ मा प्राप्त परामर्श अनुसार लेखापरीक्षक नियुक्त गर्न कोभिड-१९ को प्रभावको कारण साधारण सभा बस्न नसकेकोले कम्पनीको सञ्चालक समितिको मिति २०७७/०४/१६ मा बसेको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार लेखापरीक्षक नियुक्तिको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयबाट पनि मिति २०७७/०५/३१ मा स्विकृति प्राप्त भएकोले सोही अनुसार चार्टर्ड एकाउन्टेन्टद्वय श्री सतिस सुवेदी र श्री नरेश ढुंगानालाई संयुक्त रुपमा आ.व.२०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण समितिको निर्णय अनुसार मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ठ रु.५,००,०००/- लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको अनुमोदनको लागि कम्पनी सचिवले सभामा प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

(४) <u>आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमाः</u>
आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था बमोजिम परामर्शकोलागि श्री महालेखा परीक्षकको कार्यालयमा अनुरोध गरिएकोमा श्री महालेखा परीक्षकको कार्यालयको मिति २०७८/०५/२० को पत्रबाट चार्टर्ड एकाउन्टेन्टद्वय श्री सतिस सुवेदी र श्री नरेश ढुंगानालाई नै (दोश्रो पटक) संयुक्त रुपमा लेखापरीक्षक नियुक्त गर्न परामर्श प्राप्त भएको ब्यहोरा सभा समक्ष जानकारी गराइयो ।

यस सन्दर्भमा कम्पनी ऐन २०६३ को दफा १६५ (घ) मा भएको प्रावधान अनुसार कम्पनीको लेखापरीक्षण समितिको मिति २०७८/०६/१८ मा बसेको बैठकबाट श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुरुप चार्टर्ड एकाउन्टेन्ट श्री सतिस सुवेदी र श्री नरेश ढुंगानालाई आ.व.२०७७/७८ को लेखापरीक्षक नियुक्त गर्न र लेखापरीक्षण शुल्क(पारिश्रमिक) को हकमा गत आ.व.२०७६/७७ को लागि तोकिएको शुल्क सरह नै संयुक्त रुपमा एकमुष्ठ रकम मूल्य अभिबृद्धि कर वाहेक रु.५,००,०००/- (पाँच लाख) शुल्क तोकी उक्त रकम मध्ये दुईजनालाई आधा-आधा अर्थात प्रति व्यक्ति मूल्य अभिबृद्धि कर वाहेक रु.२,५०,०००/- (दुई लाख पचास हजार) का दरले निर्धारण गर्न समेत साधारण सभालाई सिफारिस गर्ने निर्णय भएको हुँदा सोही सिफारिस बमोजिम पारिश्रमिक निर्धारण हुने गरी लेखापरीक्षक नियुक्त गर्नको लागि कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

विषेश प्रस्तावः

(१) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधनः

(क) कम्पनीको प्रबन्धपत्रमा संशोधन- कम्पनीको प्रबन्धपत्रको दफा २ को उपदफा (१) र (२) को सट्टा देहायको दफा २ उपदफा (१) र (२) राखी संशोधन गर्ने

(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, ज्ञानेश्वरमा रहनेछ।

(२) यस कम्पनीको कारोबार गर्ने स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, ज्ञानेश्वर र विद्युत केन्द्र दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं.१ मा रहनेछ।

(ख) कम्पनीको नियमावलीमा संशोधन- कम्पनीको नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने

१. नियमावलीको नियम २ को सट्टा देहायको नियम २ राखी संशोधन गर्ने ।

२. कम्पनीको रजिष्ट्र्ड कार्यालय रहने ठेगानाः
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, ज्ञानेश्वरमा रहने छ।

२. नियमावलीको नियम ८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखि संशोधन गर्ने ।

(२) यस कम्पनीमा संस्थापक समूहबाट मनोनित वा नियुक्त ५ (पाँच) जना, सर्वसाधारण समूहबाट नियुक्त वा निर्वाचित १ (एक) जना महिला सहित ४ (चार) जना र स्वतन्त्र संचालक २ (दुई) जना समेत जम्मा ११ जना संचालक रहेको सञ्चालक समिति रहनेछ।

३. नियमावलीको नियम १५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखि संशोधन गर्ने ।

(१) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम प्रत्येक शेयरधनीले आफुले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ।
तर, एक भन्दा बढी सञ्चालकहरूको निर्वाचन गर्नु पर्दा प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नुपर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुने संख्या वरावरको मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले सवै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ।

४. नियमावलीको नियम २० को उपनियम (१), (२) र (३) को सट्टा देहायको उपनियम (१), (२) र (३) राखि संशोधन गर्ने ।

(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम नियुक्त हुने प्रमुख कार्यकारी अधिकृत को योग्यता, काम, कर्तव्य र अधिकार निजले पाउने पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरू संचालक समितिले तोकिदिए बमोजिम हुनेछ।

(३) यस नियम बमोजिम संचालक समितिले नियुक्त गर्ने प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्दा निजले पाउने पारिश्रमिक र सुविधा, निजको कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू समेत तोकी करार गर्नु पर्नेछ।

५. <u>नियमावलीको नियम ३४ को उपनियम (२) र (५) को सट्टा देहायको उपनियम (२) र (५) राखि संशोधन गर्ने ।</u>

(२) कम्पनीको दैनिक कार्य सञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन हुनेछ।

(५) लेखापरीक्षण समितिको कम्तीमा एकजना सदस्य लेखा सम्बन्धी व्यावसायीक प्रमाणपत्र प्राप्त अनुभवी व्यक्ति वा लेखा, बाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा कम्तीमा स्नातकको उपाधि प्राप्त गरी लेखा तथा वित्तिय क्षेत्रमा अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ।

प्रस्तुत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रेषित बिशेष प्रस्तावमाथी छलफल हुँदा प्रस्ताव गरिएबमोजिम नै संशोधन गर्ने सर्वसम्मत निर्णय भयो । साथै नियमन निकायको निर्देशन अनुसार कुनै थपघट वा परिमार्जन गर्न आवश्यक परेमा सो गर्न सञ्चालक समितिलाइ अख्तियारी दिने समेत निर्णय भयो ।

(२) <u>आर्थिक सहयोग उपलव्ध गराइएको रकम अनुमोदन सम्बन्धमा:</u>

कम्पनी ऐन, २०६३ (संशोधन सहित) को दफा १०५ को उपदफा (१) को खण्ड (ग) मा कम्पनीको कर्मचारी वा आफ्नो व्यवसाय प्रवर्धनको लागि दिएको अनुदान, चन्दा, उपहार आदिमा गरिएको खर्च वाहेक एक आर्थिक वर्षमा रु.१,००,०००/- (एक लाख) वा कम्पनीको विगत तीन आर्थिक वर्षको सरदर खुद मूनाफाको एक प्रतिशतले हुन आउने रकम मध्ये जुन कम हुन्छ सो रकम भन्दा बढी रकम चन्दा, अनुदान वा दान दिन साधारण सभाबाट विशेष प्रस्ताव पारित हुनु पर्ने प्रावधान रहेको छ।

यस सम्बन्धमा कम्पनीको वार्षिक प्रतिवेदन अवधी आर्थिक वर्ष २०७६/७७ मा आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरु लगायत अन्य संस्थाहरुलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णय तथा प्रमुख कार्यकारी अधिकृतस्तरलाई प्रत्यायोजित अधिकारको सीमा भित्र रहि आर्थिक सहयोग उपलब्ध गराइएको रकम रु.३,५३,०००/- (तीन लाख त्रिपन्न हजार) रहेको छ।

यस मध्ये विभिन्न सामाजिक संघ संस्था तथा व्यक्तिलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई प्राप्त अख्तियारी तथा स्वीकृत बजेटको परिधि भित्र रहि आर्थिक सहयोग उपलव्ध गराइएको हुँदा यसरी आर्थिक सहायता वापत खर्च भएको रु.३,५३,०००/- अनुमोदनको लागि कम्पनी सचिवले सभामा प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

८. **सभा विसर्जनः**

बाह्रौं र तेह्रौं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्तावहरू उपर छलफल भई सर्वसम्मत निर्णय भएको र विविध शीर्षकमा कुनै पनि प्रस्ताव नभएको हुँदा सभाध्यक्षज्यूले सभामा सहभागी भई सभालाई सुचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्याउनु हुने सवै शेयरधनी, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, शेयर रजिष्ट्रार, पत्रकार र आमन्त्रित व्यक्तिहरू तथा कम्पनी व्यवस्थापन तथा आयोजना निर्माणमा संलग्न कर्मचारीहरू र सवै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै साधारण सभा दिनको २:०० बजे विसर्जन भएको घोषणा गर्नु भयो।

माथी उल्लिखित प्रस्तावहरू कम्पनीको बाह्रौं र तेह्रौं वार्षिक साधारण सभामा छलफल भई निर्णयार्थ पेश भएका प्रस्ताबहरु पारित गर्ने निर्णय भएको यथार्थ अभिलेख हो।

(राम सुन्दर श्रेष्ठ)
कम्पनी सचिव

(कुलमान घिसिङ)
अध्यक्ष

## अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
## कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने विशेष प्रस्ताव
### तीन महले

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| २ | कम्पनी रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः<br>(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका दरवार मार्गमा रहने छ।<br>(२) यस कम्पनीको कारोवार गर्ने स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, दरवारमार्ग र पावर प्लाण्ट दोलखा जिल्ला लामाबगर गाउँ विकास समितिमा रहने छ। | कम्पनी रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः<br>(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, काठमाण्डौंमा रहने छ।<br>(२) यस कम्पनीको कारोवार गर्ने स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ र विद्युत केन्द्र दोलखा जिल्ला बिगु गाउँपालिका वडा नं.१ मा रहने छ। | हाल कम्पनीको रजिष्टर्ड कार्यालय रहेको स्थान र पावर प्लाण्ट रहेको स्थान खुल्ने गरी ठेगाना संशोधन गर्न आवश्यक भएको। |

## अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
# कम्पनीको नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव
### तीन महले

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| २ | कम्पनी रजिष्ट्र्ड कार्यालय रहने ठेगानाः<br>यस कम्पनीको रजिष्ट्र्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका दरवार मार्गमा रहने छ। | कम्पनी रजिष्ट्र्ड कार्यालय रहने ठेगानाः<br>यस कम्पनीको रजिष्ट्र्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, काठमाण्डौंमा रहने छ। | हाल कम्पनीको रजिष्ट्र्ड कार्यालय रहेको स्थान खुल्ने गरी प्रबन्ध पत्र र नियमावलीमा ठेगाना संशोधन गर्नु परेको। |
| ८ | सञ्चालकको संख्या र कार्यकालः<br>(२) यस कम्पनीमा दुई जना स्वतन्त्र सञ्चालक सहित ११ जना सञ्चालक रहेको सञ्चालक समिति रहनेछ। | सञ्चालकको संख्या र कार्यकालः<br>(२) यस कम्पनीमा संस्थापक समूहबाट मनोनित वा नियुक्त ५ (पाँच) जना, सर्वसाधारण समूहबाट नियुक्त वा नर्वाचत १(एक) जना महिला सहित ४(चार) जना र स्वतन्त्र सञ्चालक २ (दुई) जना समेत  जम्मा ११ जना सञ्चालक रहेको सञ्चालक समिति रहनेछ। | कम्पनी ऐन २०६३ को दफा ८६ (२) अनुरुप हुने गरी संशोधन गर्न आवश्यक भएको। |
| १५ | मतदान गर्ने अधिकारः<br>(१) कम्पनी सम्बन्धी प्रचलित कानून वा शेयरधनीहरू बीच भएको सझौंता र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ। | मतदान गर्ने अधिकारः<br>(१) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम प्रत्येक शेयरधनीले आफुले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ।<br>तर, एक भन्दा बढी सञ्चालकहरूको निर्वाचन गर्नु पर्दा प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नुपर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुने संख्या वरावरको मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने | कम्पनी ऐन २०६३ को दफा ७२ (२) अनुरुप हुने गरी संशोधन गर्न आवश्यक भएको। |

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| | | शेयरधनीले सबै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ। | |
| २० | प्रबन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउनेः<br>(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न महाप्रबन्धक नियुक्त गर्न सक्नेछ।<br>(२) उपविनियम (१) बमोजिम नियुक्त हुने महाप्रबन्धकको योग्यता, काम, कर्तव्य र अधिकार निजले पाउने पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरू संचालक समितिले तोकिदिए बमोजिम हुनेछ।<br>(३) यस नियम बमोजिम संचालक समितिले नियुक्त गर्ने महाप्रबन्धक नियुक्ति गर्दा निजले पाउने पारिश्रमिक र सुविधा, निजको कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू समेत तोकी करार गर्नु पर्नेछ। | प्रबन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउनेः<br>(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न **प्रमुख कार्यकारी अधिकृत** नियुक्त गर्न सक्नेछ।<br>(२) उपविनियम (१) बमोजिम नियुक्त हुने **प्रमुख कार्यकारी अधिकृत** को योग्यता, काम, कर्तव्य र अधिकार निजले पाउने पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरू संचालक समितिले तोकिदिए बमोजिम हुनेछ।<br>(३) यस नियम बमोजिम संचालक समितिले नियुक्त गर्ने **प्रमुख कार्यकारी अधिकृत** नियुक्ति गर्दा निजले पाउने पारिश्रमिक र सुविधा, निजको कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू समेत तोकी करार गर्नु पर्नेछ। | कम्पनीमा प्रमुख कार्यकारी अधिकृतको दरबन्दी स्वीकृत भइ प्रमुख कार्यकारी अधिकृत नियुक्त भएकोले नियमावलीमा सोही अनुसार ब्यवस्था गर्न आवश्यक भएको। |

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| ३४ | (२) लेखापरीक्षण समितिमा तीन जना सञ्चालक रहनेछन्। | (२) कम्पनीको दैनिक कार्य सञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन हुनेछ। | कम्पनी ऐन २०६३ को दफा १६४ को उपदफा (१) र (३) मा भएको व्यवस्था अनुसार कायम हुने गरी कम्पनीको नियमावलीमा संशोधन गर्न आवश्यक भएको। |
| | (५) लेखापरीक्षण समितिको अध्यक्ष हुन लेखा, बाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा स्नातक भई वित्तिय क्षेत्रमा काम गरी अनुभव हासिल गरेको हुनु पर्नेछ। | (५) लेखापरीक्षण समितिको कम्तीमा एकजना सदस्य लेखा सम्बन्धी व्यावसायीक प्रमाणपत्र प्राप्त अनुभवी व्यक्ति वा लेखा, बाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा कम्तीमा स्नातकको उपाधि प्राप्त गरी लेखा तथा वित्तिय क्षेत्रमा अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ। | |